नेपाल सरकार
ऊर्जा मन्त्रालय
# विद्युत विकास विभाग
अनुमतिपत्र शाखा
(.......................................................)

फोन नं. ४४७४८५२, ४४८०२७६
४४७८०८५, ४४८०३२६
४४८०४२५, ४४९६८००
४४८१६१४, ४४७६११०

फ्याक्स (९७७-१)-४४८०२५७
पोष्ट बक्स नं. २५०७
थापागाउँ, अनामनगर
काठमाडौं, नेपाल

पत्र संख्या :- २०७४/०७५
चलानी नं. : ११९२

मिति: २०७४/११/२१

**विषय:- घुन्सा खोला जलविद्युत आयोजनाको विद्युत उत्पादनको सर्वेक्षण अनुमतिपत्रको दरखास्त बारे ।**

श्री आर.एम. इन्भेष्टमेण्ट कम्पनी प्रा. लि.
नयाँ बानेश्वर, काठमाण्डौं ।
फोन नं. :९८४१०१७३०३, ०१-४७८१८९१ ।
पोष्ट बक्स नं. १०२४२ ।
ईमेल: rminvestment123@gmail.com

प्रस्तुत विषयमा ताप्लेजुङ्ग जिल्लामा अवस्थित घुन्सा खोलामा पहिचान भएको घुन्सा खोला जलविद्युत आयोजनाको विद्युत उत्पादनको सर्वेक्षण अनुमतिपत्र प्राप्त गर्न पेश भएको दरखास्त माथि कारवाही हुँदा तहाँद्वारा प्रस्तावित सर्वेक्षण क्षेत्र (**८७° ५०' ००"** देशान्तर देखि **८७° ५७' ०८"** देशान्तर सम्म तथा **२७° ३४' ०५"** अक्षांस देखि **२७° ४०' ५६"** अक्षांस सम्म)मा *विद्युत आयोजनाको अनुमतिपत्र सम्बन्धी (पहिलो संशोधन) निर्देशिका, २०७३* को दफा ४ को उपदफा २(क) बमोजिम प्रारम्भिक अध्ययनको आधारमा जडित क्षमता करिब १७०.७९ मे.वा. रहेकोले डेस्क स्टडी रिपोर्टलाई पुनरावलोकन गरी सोही अनुसारको Updated Desk Study Report तथा तपसिल बमोजिमका कागजात विवरण नपुग देखिएकोले सो विवरणहरु अन्तिम पटक ७ (सात) दिनको समयावधि भित्र पेश गर्नुहुन विभागको मिति २०७४/११/२० को निर्णयानुसार जानकारी गराइन्छ । साथै तोकिएको अवधिभित्र माग बमोजिमका विवरण पेश नगरिएमा दरखास्त रद्द गरिने व्यहोरा समेत जानकारीको लागि अनुरोध गरिन्छ ।

तपसिल (नपुग तथा पेश गर्नुपर्ने कागजात विवरणहरु) :

१. *विद्युत आयोजनाको अनुमतिपत्र सम्बन्धी (पहिलो संशोधन) निर्देशिका, २०७३* को दफा ४ को उपदफा ४(क) बमोजिम कम्पनीको खुद सम्पत्ति प्रमाणपत्रको प्रमाणित गरिएको प्रतिलिपि एवम् उक्त खुद सम्पत्ति प्रमाणित गर्ने चार्टर्ड एकाउन्टेन्टको पेशागत विवरणको प्रमाणित प्रतिलिपि ।

२. *विद्युत आयोजनाको अनुमतिपत्र सम्बन्धी (पहिलो संशोधन) निर्देशिका, २०७३* को दफा १३ को उपदफा ३(ख) बमोजिम अनुमतिपत्र दस्तुर बापतको थप शुल्क (Upfront fee) विभागको धरौटी खातामा जम्मा गरेको सक्कल रसिद ।

(आशिष श्रेष्ठ)
ईन्जिनियर

बोधार्थ:

- श्री ऊर्जा मन्त्रालय, सिंहदरबार
- श्रीमान् महानिर्देशक ज्यू,
  विद्युत विकास विभाग ।